नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति ।

नेपाल सरकारका केन्द्रीय अस्पतालहरुबाट जनतालाई प्रदान गरिरहेको सेवा प्रवाहको स्थिति, अस्पतालको भौतिक एवं कार्यवातावरण, पूर्वाधारको अवस्था, कार्यरत जनशक्ति लगायतको विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएको अनुगमन प्रतिवेदनमाथि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री कृष्णहरि पुष्करको संयोजकत्वमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, अतिरिक्त सचिव एवं सम्बन्धित अस्पतालका प्रमुख एवं प्रतिनिधिहरुबीच छलफल भयो। कार्यक्रममा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, निजामती अस्पताल, कान्ती बाल अस्पताल, वीर अस्पताल, त्रि.वि.वि. शिक्षण अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुगमनबवाट प्राप्त तथ्यमा छलफल केन्द्रित भयो। अस्पतालहरुवाट प्रदान हुने सेवाको स्तर बढाउन र बिरामीलाई सहज रुपमा सुविधा दिन, चिकित्सक तथा स्वास्थ्यकर्मीको मनोवल बढाउन, पेशागत मर्यादा र अनुशासन कायम गर्न तथा समग्रमा अस्पतालहरुको व्यवस्थापन सुधार गर्न तत्कालै चाल्नु पर्ने कदमका बिषयमा छलफल भएको थियो। सहभागी अस्पतालका प्रमुखहरु तथा स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरुले अस्पतालले प्रदान गर्ने सेवालाई अझ गुणस्तरीय, सर्वसाधारणको पहुँचयोग्य एवं प्रविधिमैत्री बनाउन, सरसफाईमा थप ध्यान दिन, सवै उपकरणहरु चालू हालतमा राखी सेवा विस्तार गर्न, सेवा लिन पर्खनु पर्ने समय घटाउन, जीवन रक्षक औषधिको सहज रुपमा उपलव्ध हुने वनाउन तथा औषधिको गुणस्तर नियमन प्रभावकारी वनाउन, स्वास्थ्य बीमाको सेवा सहज वनाउन र यसको लागि आन्तरिक तथा वाह्य समन्वय प्रभावकारी वनाउन तत्कालै थप प्रयास गर्ने प्रतिवद्धता जनाउनु भयो । माथि उल्लेखित पक्षहरुलाई ध्यान दिई अस्पतालको सेवा सुधार गर्न तत्कालै ठोस कार्ययोजना बनाई कार्यान्वयन गर्ने र सो कार्यको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सहजीकरण तथा अनुगमन गर्ने निर्णय भएको छ।

मितिः २०७९/१०/१२

(माहादेव पन्थ)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np